**अनुसूची-२**

**(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)**

# चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: १ मिति: २०७८/०३/१७

**भाग १**

**चिशंखुगढी गाउँपालिका**

## चिशंखुगढी गाउँपालिकाको विनियोजन ऐन, २०७८

गाउँसभाबाट स्वीकृत मिति: २०७८/०३/१६

राजपत्रमा प्रकाशित मिति: २०७८/०३/१७

चिशंखुगढी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

### प्रस्तावना

चिशंखुगढी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम चिशंखुगढी गाउँ सभाले अनुमोदन गरी यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "चिशंखुगढी गाउँपालिकाको विनियोजन ऐन, २०७८" हुनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचीहरुमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम सहित जम्मा रकम रू.**३९,८८,३५,१५०।००** (अक्षरेपी उनानचालिस करोड अठासी लाख पैंतीस हजार एक सय पचास मात्र) अनुमानित आम्दानी एकिन गरिएकोले पुँजीगत तर्फ रु.१३,७८,०७,०००।०० (अक्षरेपी तेह्र करोड अठहत्तर लाख सात हजार मात्र) र चालु खर्च तर्फ रू.२६,१०,२८,१५०।०० (अक्षरेपी छब्बीस करोड दस लाख अठ्ठाइस हजार एक सय पचास मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त चिशंखुगढी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## आ.व. २०७८।७९ मा अनुमानित आम्दानी

### पुँजीगत तर्फ :

| | |
|---|---|
| १) संघीय सशर्त अनुदान : | रू.१,३६,००,०००।०० |
| २) संघीय समानीकरण अनुदान : | रू.८,२२,००,०००।०० |
| ३) प्रदेश समानीकरण अनुदान : | रू.४५,४८,०००।०० |
| ४) प्रदेश सशर्त अनुदान : | रू.७२,५२,०००।०० |
| ५) संघीय समपुरक अनुदान : | रू.४२,००,०००।०० |
| ६) संघीय विशेष अनुदान : | रू.१,६६,००,०००।०० |
| ७) प्रदेश समपुरक अनुदान : | रू.१,००,००,०००।०० |
| **जम्मा :** | **रू. १३,७८,०७,०००।००** |

**चालुतर्फ :**

१) संघीय सशर्त : रू. १९,४९,००,०००।००
२) संघीय राजस्व बाँडफाड : रू. ६,१०,५१,०००।००
२) प्रदेश सवारी कर : रू. २१,८४,१५०।००
३) आन्तरिक आम्दानी : रू.२३,००,०००।००

**जम्मा : रु.२६,१०,२८,१५०।००**

## जम्मा कुल बजेट : रू.३९,८८,३५,१५०।००

सामाजिक सुरक्षा, आ.ब. २०७७।०७८ मा बचत हुने बजेट तथा अन्य निकायबाट प्राप्त हुने अनुदान यो बजेटमा समावेश गरिएको छैन । उक्त अनुदान तथा बजेटहरु प्राप्त भएमा आगामी कार्यपालिकाको बैठकमा पेश हुनेछन् र कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछन् ।

आ.ब. २०७८।०७९ को लागि अनुमानित खर्च (सशर्त बाहेक)

| क.सं. | विवरण | रकम(रु) |
|---|---|---|
| १ | गाउँपालिका चालु तर्फ (वडा सहित) | ६,५५,३५,१५० ।- |
| ३ | गाउँपालिका पुँजीगत तर्फ | ६,००,७८,००० ।- |
| ५ | वडा पुँजीगत | २,६६,७०,००० ।- |
| **जम्मा** | | **रु.१५,२२,८३,१५० ।००** |

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत